# गलकोट नगरपालिकाको मदिरा नियन्त्रण, नियमन गर्न वनेको निर्देशिका, २०७७

प्रस्तावना :- नेपालको संविधान २०७२ को धारा २१४ को उपदफा ३ को अधिकार प्रयोग गरी स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को ञ को उपदफा १४ अनुसार समाजमा विकृती अन्त्य गरी सर्वसाधारण जनताको सदाचार, सामाजिक आचरण, सु स्वास्थ्य, सुव्यवस्था, अमनचैन तथा आर्थिक हित कायम राख्नको लागी मदिराको, विक्री वितरण र निकासि पैठारी समेतमा नियन्त्रण, नियमत गर्न वाञ्छनिय भएकाले, गलकोट नगरपालिकाको कार्यपालिकाको मिति २०७७/०९/१२ को बैठकले निर्णय गरी यो निर्देशिका जारी गरीएको छ ।

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(१) यस निर्देशिकाको नाम “गलकोट नगरपालिकामा मदिरा नियन्त्रण, नियमन गर्न बनेको निर्देशिका, २०७७” रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा

(क) “नगरपालिका” भन्नाले गलकोट नगरपालिका सम्झनु पर्दछ ।

(ख) “वडा” भन्नाले नगरपालिका अन्तरगतका वडालाई सम्झनु पर्दछ ।

(ग) “कार्यालय” भन्नाले गलकोट नगरपालिका कार्यालय सम्झनु पर्छ यो शब्दले नगरपालिका प्रशासनिक संगठनात्मक स्वरुपको रुपमा स्थापना गरिएको विभाग, शाखा  वडा कार्यालय वा कर संकलन गर्न गठन गरिएको छुट्टै प्रशासनिक एकाई समेतलाई सम्झनु पर्दछ ।

(घ) “शाखा” भन्नाले नगरपालिका अन्तरगतको शाखा सम्झनु पर्दछ ।

(ङ) “निकाय” भन्नाले नेपाल कानुन बमोजिम गठित प्रशासनिक तथा राजश्वसँग सम्वन्धित निकायलाई सम्झनु पर्दछ ।

(च) “मदिरा” भन्नाले अन्न, फलफुल वा अन्य कुनै स्टार्चयुक्त बस्तुलाई जिब रासायनिक प्रक्रियाद्धारा कुहाई वा अन्य कुने तरिकाबाट तथार पारिएको अल्कोहल युक्त पदार्थ सम्झनु पर्दछ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जिन, ब्राण्डी, भोड्का, वियर, सेरी, सेम्पेन, पेरी, मिड, माल्टन, औधोगीक अल्कोहल, रेक्टिफाईड स्प्रिट, साईलेण्ट स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाँउछ ।

(छ) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागी आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्ने वा मदिरा तयार गर्नको लागी अपनाईने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्दछ ।

(ज) "अनुमति पत्र" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकारको सम्वन्धित निकायबाट मदिरा उत्पादन, विक्री वितरण निकासि वा पैठारी गर्न प्रचलित कानुन बमोजिम दिईएको अनुमतिपत्र सम्झनु पर्दछ ।

(झ) "खुल्ला रुपमा मदिरा विक्री वितरण" भन्नाले प्रचलित कानुन विपरित सम्वन्धित निकायबाट ईजाजत लिई वा नलिई कुनै बाटो, पर्यटकिय मार्ग, हाट वजार, मेलामा बेचविखनको लागी फिजाई राखिएको मदिरालाई सम्झनु पर्छ ।

(ञ) "पर्यटन केन्द्रित" व्यवसाय भन्नाले यस निर्देशिकामा होटेल, होमस्टे, गेष्ट हाउस, पाउना घर समेतलाई सम्झनु पर्छ ।

## ३. मदिरा उत्पादन तथा विक्री वितरणमा नियन्त्रण

कुनै व्यक्तिले सम्वन्धित निकायको ईजाजत विना मदिरा उत्पादन र उत्पादन ईजाजद पाईएकाले पनि निर्देशिकाले तोकिएको स्थान र समय विपरित मदिराको विक्री वितरण सम्वन्धी व्यवसाय गर्न पाउने छैन ।

## ४. नगरक्षेत्रमा मदिरा व्यवसाय गर्न सुचिकृत गरिनु पर्ने

(क) कुनै व्यक्तिले नगर क्षेत्रमा मदिरा विक्री गर्ने व्यवसाय गर्न चाहेमा सम्वन्धित निकायमा दर्ता भई त्यस्तो व्यवसाय नगरपालिकामा समेत सुचिकृत गर्नु पर्ने छ । यसरी नगरपालिकामा सुचिकृत नभएका मदिरा व्यवसायिलाई नगरक्षेत्र भित्र मदिरा व्यवसाय गर्न रोक लगाउन सक्ने छ ।

(ख) पर्यटक केन्द्रीत व्यवसाय हकमा नगरपालिकाले व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा थप त्यती नै अथवा दोब्वर शुल्क लिई स्वीकृत दिन सक्ने छ यस्तो व्यवसायीले इजाजत प्राप्त मदिरा विक्री कक्षवाटमात्र विक्री वितरण गर्नु पर्ने छ ।

## ५. मदिरा विक्री वितरण गर्न नियन्त्रण सम्वन्धी व्यवस्था

कुनै पनि शैक्षिक संस्था (जस्तै सबै किसिमको विद्यालय, क्याम्पस) बाल विकास केन्द्र, सुधार गृह, धार्मिक स्थलहरु (मठ, मन्दिर, गुम्वा, मस्जीत, चर्च) यस्तै किसिमको धार्मिक क्षेत्रको एकसय मिटर भित्र मदिरा वेचविखन गर्न पुर्ण रुपमा बन्देज गरिएको छ ।

## ६. खुल्ला रुपमा मदिरा विकी वितरणमा नियन्त्रण

कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकाले पनि अनुमतिपत्रमा तोकिएको शर्त विपरित खुल्ला रुपमा मदिरा मसल राख्न पाईने छैन ।

## ७. मदिराको निकासी पैठारीमा नियन्त्रण

कुनै व्यक्तिले प्रचलित कानुन विपरित मदिराको निकारी पैठारी गर्न पाउने छैन ।

## ८. मदिराको उपभोग समय सम्वन्धी व्यवस्था

यस नगर क्षेत्रमा साँझ ५ वजे देखी बेलुकी ९ वजेसम्म मात्र मदिरा सेवन तथा उपभोग गर्न पाईने छ

## ९. मदिरा क्रेता तथा उमेर सम्वन्धी व्यवस्था

कसैले १८ वर्ष भन्दा कम उमेरको व्यक्तिलाई मदिरा विकी वितरण गर्न पाईने छैन र विक्रेताले अनिवार्य खरिद विकी विजक दुरुस्त राख्नु पर्ने छ ।

## १०. मदिरा सेवन होहल्ला गर्न तथा शान्ती भंग गर्न नपाईने

कसैले कुनै पनि समयमा मदिरा सेवन गरी सार्वजनिक शान्ती तथा अमनचैन खल्लवल्याउने गरी होहल्ला गरि होहल्ला गर्न तथा अपशब्द वोल पाईने छैन ।

## ११. नियमन तथा नियन्त्रण सम्वन्धी व्यवस्था

नगर क्षेत्रमा यस निर्देशिकाको परिचालन सम्वन्धी अनुगमन गर्न नगरपालिकाबाट गठित बजार अनुगमन समितिले कमितमा महिनाको एक पटक वा आवश्यकता अनुसार अनुगमन गर्न सक्ने छ । समितीले अनुगमन सम्वन्धी प्रतिवेदन नगर कार्यपालिका वैठकमा पेश गर्नु पर्ने छ ।

## १२. नियन्त्रण तथा कारवाही सम्बन्धी व्यवस्था

(१) यस निर्देशिका विपरित कुनै स्थानमा कार्य भईरहेको छ भन्ने नगरपालिकालाई सुचना प्राप्त भएमा वजार अनुगमन समितिले त्यस्तो स्थानको खानतलासि गर्न र कैफियत देखिएमा सम्वन्धीत व्यक्तिलाई तथा फर्मलाई सचेत गर्न, बस्तु बरामद गर्न, नष्ट गर्न सक्ने साथ साथै पटक पटक अनुगमन समितिको निर्देशनलाई व्यवास्ता गर्दै निर्देशिका विपरित कार्य गरेमा उक्त व्यवसायलाई नियन्त्रण गर्न वा अर्को पटक उक्त व्यवसाय सुचिकरण वा नविकरण नगर्न, नगरपालिकाबाट प्रदान गर्ने आवस्मकि सेवा वाहेकका अन्य सेवाबाट बन्चित गर्न वा आवश्यकता अनुसार तप कारवाहिका लागी प्रचलित कानुन बमोजिम सम्बन्धित निकाय वा प्रहरी प्रशासनलाई लेखी पठाउन सक्नेछ ।

(२) यसरी खानतलासि गर्दा खानतलासी गर्नुपर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा त्यससँग सम्वन्धित व्यक्तिलाई सुचना दिएर मात्र खानतलासी गर्नु पर्ने छ ।

## १३. मदिरा व्यवसाय नविकरण सम्बन्धी व्यवस्था

प्रचलित कानुन तथा यस निर्देशिका अनुसार सुचिकृत वा दर्ता भएका मदिरा व्यवसायिहरुले हरेक वर्ष सुरु व्यवसाय दर्ता गर्दा लागेको शुल्कको आधा रकम बुझाई आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र व्यवसाय नविकरण गराउनु पर्दछ । ढिलो गरी नविकरण गर्न आएमा जम्मा वार्षिक नविकरण गर्दा लाग्ने दस्तुरलाई वाह्रले भाग गर्दा मासिक जती रकम पर्न आउछ ढिलो भएको महिनाको त्यतीनै थप शुल्क लिई व्यवसाय नविकरण गरिनेछ ।

## १४. दुख दिने नियतले खानतलासी, कब्जा वा गिरफ्तार गर्नेलाई सजाय

प्रचलित कानुन तथा यस निर्देशिका विपरित काम भए गरेको भन्ने मनासिब शंका नभई अर्कालाई दुख दिने, हैरानि गर्ने, बेईज्जत गर्ने वा क्षती पुराउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलारी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने समान कब्जा गर्ने वा जफत गर्ने वा गराउने वा कसैलाई अनावश्यक क्षती वा चोट पुराउने वा पुराउन लगाउने व्यक्तिलाई प्रचलित कानुन बमोजिम सजाय हुने छ ।

## १५. वाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्था

यस  निर्देशिकाको व्याख्या गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

## १६. बचाउ

यस निर्देशिकामा लेखिएको कुनै कुरा संविधान तथा संघिय, प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदरभागी हुनेछ ।

**आज्ञाले**
हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत